आकाशवाणी

**2-1-2026**

मुख्य समाचार।

- भारत दुई हजार सैतालिस भन्दा पहिले विकसित राष्ट्र बन्ने उप राष्ट्रपतिको भनाई
- प्रधानमन्त्रीले भोली दिल्लीको राय पिथौरा सांस्कृतिक परिसरमा भगवान बुद्ध संग सम्बन्धित पवित्र पि-परहवा अवशेषहरूको भव्य अन्तर्राष्ट्रीय प्रदर्शनीको गर्नुहुनेछ उद्घाटन
- केन्द्र सरकारले इलेक्ट्रोनिक घटक विनिर्माण योजनाको तेस्रो चरण अन्तर्गत बाइस नयाँ प्रस्तावलाई दिएकोछ स्वीकृती
- कपडा मन्त्रालयले असम सरकारको सहकार्यमा भारतलाई विश्वव्यापी वस्त्र उत्पादन केन्द्रका रूपमा स्थापित गर्ने लक्ष्यसहित राष्ट्रिय कपडा मन्त्री सम्मेलनको आयोजना गर्ने भएको छ , अनि
- कृषि र किसान कल्याण मन्त्रीले किसानहरूको आय बढ़ाउनु केन्द्र सरकारको मुख्य प्राथमिकता रहेको बताउनुभयो ।

-----------

32 उपराष्ट्रपति-चेन्नई

उप राष्ट्रपति सी. पी राधाकृष्णनले भन्नुभयो, भारत दुई हजार सैतालिस भन्दा पहिले विकसित राष्ट्र बन्नेछ । उहाँले आज चेन्नाईमा डा. एम जी आर शिक्षण र शोध संस्थान विश्वविद्यालयको दीक्षान्त समारोहलाई सम्बोधन गर्नुभयो । उहाँले भन्नुभयो, भारत छिट्टै नै विश्वको तेस्रो सबैभन्दा ठूलो अर्थव्यवस्था बन्नेछ। उहाँले छात्रहरूलाई विश्वविद्यालयको शिक्षा पछि पनि आफ्नो ज्ञान बढ़ाइरहने आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, तकनीकीले धेरै परिवर्तन ल्याएकोछ, त्यसैले छात्रहरूले समय संगै आफुलाई परिवर्तन गर्नुपर्छ। यस कार्यक्रममा छात्रहरूलाई डिग्रीहरू प्रदान गरियो भने , उप राष्ट्रपतिले सर्वश्रेष्ठ प्रदर्शन गर्ने छात्रहरूलाई

डिग्रीले सम्मानित गर्नुभयो ।

## 38 प्रधानमन्त्री - पुष्प प्रदर्शनी

प्रधानमन्त्री नरेन्द्र मोदीले आज अहमदाबाद पुष्प प्रदर्शनीको रचनात्मकता, सतत विकास र सामुदायिक भागीदारीलाई एक साथ ल्याउनमा उल्लेखनीय भूमिकाको सराहना गर्नुभयो । एउटा सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो, यो आयोजनले शहरको जीवन्त भावना र प्रकृति प्रतिको प्रेमलाई प्रदर्शन गर्छ। यस बीच, गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले भन्नुभयो, यस वर्ष राज्यको नगर निगम द्वारा आयोजित चौध औं पुष्प प्रदर्शनीमा दुई गिनीज विश्व रेकर्ड बनाउनु देशका लागि गर्वको कुरा हो । श्री पटेलले भन्नुभयो, पुष्प प्रदर्शनी केवल फूलहरूको प्रदर्शन नभएर , देशको सांस्कृतिक विरासत, राष्ट्रीय एकता र आधुनिक भारतको रचनात्मक शक्तिको भव्य उत्सव हो।

## 35 प्रधानमन्त्री - पिपरहवा

प्रधानमन्त्री नरेन्द्र मोदीले भोली दिल्लीको राय **पिथौरा** सांस्कृतिक परिसरमा भगवान बुद्ध संग सम्बन्धित पवित्र पि-परहवा अवशेषहरूको भव्य अन्तर्राष्ट्रीय प्रदर्शनीको उद्घाटन गर्नुहुनेछ। सोशल मीडिया पोस्टमा, श्री मोदीले भन्नुभयो, यो प्रदर्शनी भगवान बुद्धको महान विचारहरूलाई अझ् धेरै लोकप्रिय बनाउनका लागि उहाँको सरकारको प्रतिबद्धता अनुरूप छ । उहाँले भन्नुभयो, यो देशका युवा र यसको समृद्ध संस्कृति बीचको सम्बन्धलाई अझ् सुदृढ गर्ने एउटा प्रयास पनि हो। प्रधानमन्त्रीले भन्नुभय़ो, **पिपरहवाको** प्रामाणिक अवशेष र पुरातात्विक सामग्री नयाँ दिल्लीको राष्ट्रीय संग्रहालय र कोलकताको भारतीय संग्रहालयको संग्रहमा संरक्षित छ ।

## 31 केन्द्र-इलेक्ट्रोनिक विनिर्माण

केन्द्र सरकारले इलेक्ट्रोनिक घटक विनिर्माण योजनाको तेस्रो चरण अन्तर्गत बाइस नयाँ प्रस्तावलाई स्वीकृती दिएकोछ । यसमा लगभग एकचालिस हजार आठ सय त्रिसट्ठी करोड़ रूपियाँ निवेशको अनुमान छ । यी प्रस्तावहरूमा मोबाइल निर्माण, दूरसन्चार, उपभोक्ता इलेक्ट्रोनिक, रणनीतिक इलेक्ट्रोनिक, अटो-मोटिव र सूचना प्रौद्योगिकी हार्डवेयर सहित एघाह्र क्षेत्र – उत्पादहरूको निर्माण शामेल छ । यस परियोजनाहरूले दुई लाख अन्ठाउन्न हजार करोड़ रूपियाँको उत्पादन हुने तथा प्रत्यक्ष रूपले लगभग चौँतिस हजार नोकरीहरू सृजना हुने आशा छ । यस अवसरमा इलेक्ट्रोनिकी र सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, प्रमुख सुधारलाई लागू गर्नु र कार्यान्वयनमा तेज ल्याउनु मोदी सरकारको पहिचान हो ।

## कपडा मन्त्रालय

कपडा मन्त्रालयले असम सरकारको सहकार्यमा भारतलाई विश्वव्यापी वस्त्र उत्पादन केन्द्रका रूपमा स्थापित गर्ने लक्ष्यसहित राष्ट्रिय कपडा मन्त्री सम्मेलनको आयोजना गर्ने भएको छ। दुईदिने यो सम्मेलन यही महिनाको आठ तारिखदेखि असमको गुवाहाटीमा सुरु हुनेछ। सम्मेलनको मुख्य विषय “**भारतका वस्त्र: विकास, विरासत र नवप्रवर्तनको बुनाइ**” रहेको छ।

यो सम्मेलन दुई हजार तिस सम्म तिन सय पचास अर्ब अमेरिकी डलरको वस्त्र उद्योग निर्माण गर्ने तथा एक सय अर्ब अमेरिकी डलर बराबरको वस्त्र निर्यात लक्ष्य हासिल गर्ने राष्ट्रिय दृष्टिकोणसँग अनुरूप रहेको छ। मन्त्रालयका अनुसार सम्मेलनको उद्घाटन सत्रमा केन्द्रीय कपडा मन्त्री गिरिराज सिंह, असमका मुख्यमन्त्री हिमन्त विश्व शर्मा सहित अन्य विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहनेछ।

28 जयशंकर-चेन्नई

विदेश मन्त्री एस.जयशंकरले भन्नुभएकोछ, भारतले आतंकवादबाट स्वयंको रक्षा गर्ने अधिकार राख्छ र कसैले यो तय गर्न सक्दैन कि भारतले आफ्नो रक्षा कसरी गर्ने । चेन्नईमा आई. आई. टी मद्रास टेक्नो एन्टरटेन्मेन्ट उत्सव - शास्त्र दुई हजार छब्बीसको उद्घाटन अवसरमा उहाँले भन्नुभयो , भारतले आफ्नो सुरक्षाका लागि जो पनि आवश्यक हुन्छ त्यही गर्नेछ।

34 नड्डा-औषधकोश

स्वास्थ्य र परिवार कल्याण मन्त्री **जे पी नड्डाले** आज बताउनुभयो, विश्व स्वास्थ्य संगठन औषध देखरेख योगदानमा भारत वैश्विक स्तरमा अब आठौं स्थानमा छ भने , दस वर्ष पहिले यो एक सय तेइसौँ स्थानमा थियो । श्री नड्डाले आज नयाँ दिल्लीमा औषध मानकहरू बारे भारतको आधिकारिक पुस्तक इण्डीयन फार्मा-सोपिया दुई हजार छब्बीस्को दस औँ संस्करणको विमोचनमा यसो भन्नुभएको हो । उहाँले भन्नुभयो अहिले जारी रिपोर्टमा एक सय एकाइस् विशेष लेखहरूमा शामेल गरिएको छ जसले विशेष लेखहरूको कुल संख्या बढ़ेर तीन हजार तीन सय चालिस भएको छ ।

श्री नड्डाले भन्नुभयो, पहिलो पल्ट शामेल गरिएको बिस रक्त घटक बारे विशेष लेखहरूले, **थेलेसिमिया, हेमोफीलिया** र **एनीमिया** जस्तो रोगहरूमा शोध र अध्ययनमा सहयोग मिल्ने छ ।

40 शिवराज-किसान

कृषि र किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले भन्नुभयो, किसानहरूको आय बढ़ाउनु केन्द्र सरकारको मुख्य प्राथमिकता हो। श्री चौहानले नासिकमा बताउनुभयो, किसानहरूको

कल्याणका लागि विभिन्न योजनाहरू ल्याइएको छ । उहाँले विश्वस्त  गर्नुभयो, कृषि क्षेत्रलाई सशक्त बनाउनका लागि सबै आवश्यक प्रयास जारी रहेनेछ।

### 33 जितेन्द्र टेक्नोलोजी   7-24

विज्ञान र प्रौद्योगिकी मन्त्री डा. जितेन्द्र सिंहले भन्नुभयो, भारतको विकास यात्रामा तकनीकीको महत्वपूर्ण भूमिका छ। मन्त्रालयको वर्षांत उपलब्धीहरूमा नयाँ दिल्लीमा आयोजित कार्यक्रममा उहाँले भन्नुभयो , सरकारले दुई हजार चौध देखी विज्ञान र प्रौद्योगिकीलाई प्राथमिकता दिरहेकोछ ।